## कार्यपालिका बैठक संख्या - २०५औं बैठक

आज मिति २०८३।०६।०७ गते विहान ०८:३० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

**आमन्त्रित:**

१६. सुमन भट्टराई व.लेखा अधिकृत

१७. लक्ष्मण न्यौपाने इन्जिनियर

१८. सूचना ज्ञवाली सू.प्र.अ.

१९. शान्ति आचार्य का.स.

बैठकका एजेन्डाः

१) अघिल्लो २०४औं बैठकको समिक्षा सम्बन्धमा,
२) टोल विकाश संस्था दर्ता तथा परिचालन सम्बन्धमा,
३) विपद सतर्कता सम्बन्धमा,
४) कर्मचारी पदपूर्ति सम्बन्धमा,
५) विविध
   क) खेलमैदान व्यवस्थापन सम्बन्धमा,
   ख) राहत तथा सहयोग सम्बन्धमा,

निर्णयहरुः

निर्णय १: अघिल्लो २०४औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो ।

निर्णय न.२: गाउँपालिका भित्रका प्रत्येक साविकका वडाहरुमा एक-एक वटा टोल विकास संस्था गठन गरी दर्ता गर्ने कार्य तत्काल अगाडी बढाउने र यसरी दर्ता भएका टोल विकास संस्थाहरुलाई गाउँपालिकाका विकास निर्माणका योजना तथा कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहभागी गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३: नेपाल मौसम विभागद्वारा मिति २०८३ असोज ५ गते जारी गरिएको विशेष मौसमी बुलेटिन अनुसार आगामी असोज ९ गते देखि असोज ११ गते सम्म मेघ गर्जन/चट्याङ/हावाहुरी सहित भारी देखि धेरै भारी वर्षा हुने सम्भावना रहेको भनि सूचना जारी गरेकाले गाउँपालिका भित्रका सबै नागरिकहरुलाई विपद सतर्कता अपनाउन तथा तत्काल विपद जोखिम हुने अवस्था रहेमा तत्काल सम्बन्धित वडा कार्यालय, वडा अध्यक्ष वा वडा सचिवलाई जानकारी गराउन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

४) प्रदेश लोक सेवा आयोगमा तपशिल बमोजिमका कर्मचारीहरु माग गर्न माग आकृति फारम भरि प्रदेश लोक सेवा आयोगमा पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

पूर्वखोला गाउँपालिका कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

| १ | २ | ३ | ४ | ५ | ७ | | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पदको नाम | | सेवा, समूह, उपसमूह | स्थायी / अस्थायी | संक्षिप्त कार्य विवरण र उम्मेद्वारले शुरुमा काम गर्नुपर्ने जिल्ला | रिक्त | कुल माग पद संख्या | कैफियत |
| १ | अधिकृत | ७औं | स्थानीय प्रशासन/ सामान्य प्रशासन | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | २ जना | २ जना | १ जना काज सरुवा भई छत्रकोट गाउँपालिका गुल्मीमा गएको र १ जना सरुवा भई रामपुर नगरपालिकामा गएको |
| २ | ईञ्जिनियर | ७ औ | स्थानीय ईञ्जिनियर सेवा/सिभिल | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १जना | १ जना | सरुवा भई तानसेन नगरपालिकामा गएको |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षा अधिकृत | ७ औ | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | सरुवा भई गएको |
| ४ | शिक्षा सहायक | ५ औ | स्थानीय शिक्षा/ शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | काज सरुवा भई रामपुर नगरपालिकामा गएको |
| ५ | आन्तरिक लेखापरीक्षक | ५ औं | स्थानीय प्रशासन/ लेखा | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | काज सरुवा भई तानसेन नगरपालिका पाल्पामा गएको |
| ६ | वरिष्ठ प्रशासन सहायक | ५ औं | स्थानीय प्रशासन / सामान्य प्रशासन | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | २ जना | २ जना | |
| ६ | सव-इन्जिनियर | ५ औं | स्थानीय ईञ्जिनियरिङ/ सिभिल | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | २ जना | २ जना | |
| ७ | कविराज | ५ औं | स्थानीय स्वास्थ्य / आयुर्वेद | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | |
| ८ | हेल्थ असिष्टेन्ट | ५ औं | स्थानीय स्वास्थ्य /हेल्थ ईन्स्पेक्सन | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | २ जना | २ जना | सरुवा भई अन्यत्र गएको |
| ९ | अ.हे.व. | ४ औं | स्थानीय स्वास्थ्य /हेल्थ ईन्स्पेक्सन | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | २ जना | २ जना | सरुवा भई अन्यत्र गएको |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर थापा
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | अ.न.मी. | ४ औं | स्थानीय स्वास्थ्य / कम्युनिटी नर्सिङ | स्थायी | पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय पाल्पा | १ जना | १ जना | सरुवा भई अन्यत्र गएको |
| | | | | | | | | |

४) विविधः

क) गाउँपालिकाको कार्यालय अगाडी रहेको खेल मैदानमा विभिन्न व्यक्ति तथा निर्माण व्यावसायीहरुले निर्माण सामाग्रीहरु थुपारी राखेको देखिएको जसले गर्दा युवा तथा स्थानीय नागरिकहरुलाई कार्यक्रम तथा खेल सञ्चालन कार्यमा अवरोध सिर्जना भएको भन्ने गुनासो निरन्तर रुपमा आईरहेको हुनाले उक्त खेल मैदानलाई व्यवस्थित राख्नका लागि तत्काल निर्माण सामाग्री उठाउन निर्देशन दिने र तत्काल सूचना प्रकाशित गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) गाउँपालिका भित्र बसोबास गर्ने तपसिलका व्यक्ति तथा संस्थाले यस कार्यालयमा दिएको निवेदनमा छलफल गर्दा निजहरुलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | ब्यक्ति/ संस्थाको नाम थर | ठेगाना | राहत माग / रकम | उपलब्ध गराएको राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | लिम्बर सिंजाली | पूर्वखोला-५ | स्वास्थ्य उपचारका लागि | १०,०००।- | निजहरुको असक्षम भएकाले नजिकको नातेदार भुवन सिंजालीको नाममा भुक्तानी दिने |
| २ | दम बहादुर खाम्चा | पूर्वखोला-५ | स्वास्थ्य उपचारका लागि | रु.१०,०००/- | |
| ३ | स्याफट बाहुण्डी लिफ्ट खानेपानी तथा सरसफाई उ.स. | पूर्वखोला-५ | मोटर खरीदका लागि | रु. ३०,०००/- | |
| ४ | शेर बहादुर सारु | पूर्वखोला-३ | चितुवाले आक्रमण गरी | १०,०००/- | |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ६ वटा बाख्रा नष्ट गरेको | | |
| ५ | जग बहादुर रुचाल मगर | पूर्वखोला-५ | आगो लागिबाट गोठ नष्ट भएको तथा भैंसी जली घाईते भएको | १०,०००/- | |
| ६ | नुन माया आले | पूर्वखोला-१ | बाघको आक्रमणबाट २ वटा बाख्रा मरेको | रु.५०००/- | |
| ७ | खल्लुक भञ्याङ बिर्ता बजार सडक | पूर्वखोला-५ | पहिरोले बाटो भाँसिएकाले मर्मत गर्नुपर्ने | लागत अनुमान बमोजिमको रकम मर्मत सम्भार शीर्षकबाट गर्ने | |
| ८ | बाटो मर्मत | वडा नं. २,३ र ४ | भल व्यवस्थापन तथा सिंचाईका लागि पाईप गाड्ने कार्य | लागत अनुमान बमोजिमको रकम मर्मत सम्भार शीर्षकबाट गर्ने | |
| ९ | चन्द्रकान्ती पन्थी | पूर्वखोला-१ | वर्षाका कारण घर भत्किएको | १८,०००।- | |
| १० | उद्‌बुद्ध माध्यमिक विद्यालय | पूर्वखोला-३ | फलामे पोल | १०,०००।- | |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष